बालबालिकाका लागि बाइबल

को प्रस्तुती



# एक मण्डलीले समस्या भेटेका

लेखन: Edward Hughes

चित्र: Janie Forest

संयोजन: Ruth Klassen
Alastair Paterson

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2020 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

परमेष्वरको पुत्र येषू मरेका बौरी उठेको पचास दिन पछि पवित्र आत्मा उहाँलाई पछ्याउनेहरूभित्र आए। उनीहरूले बुझ्न सकेनन् कि कसरी परमेष्वर पिता, परमेष्वर पुत्र (येषू) अनि परमेष्वर पवित्र आत्मा एक परमेष्वर हुनुहुन्छ तर तिनीहरू खुषी थिए कि परमेष्वर तिनीहरूसंग हुनुहुन्छ। प्रेरितहरूले अरूलाई येषूको विशयमा बताउनको लागि सहायता होस् भनेर परमेष्वरले अचम्भको कुरा गर्नुभएको थियो।



येषूमा विष्वास गर्ने जतिले जे कुरा पनि पाए सो तिनीहरूले बताए यसैले गरीबहरूको वास्ता भयो। तर एउटा जोड़ी हननिया र सफीराले अनादर गरे। तिनीहरूले केही जमीनको अंष बेचे अनि प्रेरितहरूलाई सबै दिन्छु भनी भने तर केही अंष तिनीहरूले राखे।



हननियालाई पत्रुसले सोधे कि “किन तिम्रो हृदयमा षैतानले पवित्र आत्मासंग झूट भरिदियो?” “तिमीले मानिसलाई होइन तर ढाँटेका छौं।”





त्यसपछि हननिया पछारिए अनि उसले आफ्नो प्राण त्यागे। अनि जवानहरूले उठेर तिनलाई लुगाले बेहेरेर बाहिर बोकेर लगे र गाड़िदिए।



केही क्षण पछि सफिरा पनि, के भइसकेको थियो त्यो थाह नपाएर, भित्र आइन्। उनले पनि पैसाको विशयमा ढाँटे अनि उनलाई पनि त्यही कुरा भयो। सुन्नेहरू सबैमा ठूलो डर छायो।



परमेष्वर पवित्र आत्माले धेरै चिन्ह अनि चम्कारहरू प्रेरितहरूद्वारा गर्नुभयो। उदाहरणको लागि, पत्रुसको छायाँले मात्र रोगी मानिसहरू निको भए।





यो महान्
आष्चर्यकामको
समयले
परमेष्वरको
उपस्थिति
देखाइरहेको थियो।
धेरै भन्दा धेरै
मानिसहरूले येषूमा
विष्वास गरे।

बड़ा हाकिम रीसले चूर
भए अनि प्रेरितहरूलाई
जेलमा हाले।



तर एक रातमा
परमेष्वरको दूतहरूले
जेलको ढोका
उघारिदिए अनि
तिनीहरूलाई बाहिर
निकालेर भने,
"जाओ र मन्दिरमा
खड़ा भएर यस
जीवनका सारा
बात मानिसहरूलाई सुनाओ।" औ प्रेरितहरूले गएर येषूको
विशयमा प्रचार गर्नथाले। जब बड़ा हाकिमहरू बिहानी
पख आए तब तिनीहरूले जेल रितो भेट्टाए।

जब तिनीहरूलाई भेट्टाए तब बड़ा हाकिमहरूले प्रेरितहरूलाई डाँटेर भने, “हामीले यो नाउँको प्रचार नगर्नु भनी हामीले कड़ा आज्ञा गरेका थिएनौं?” “मानिसको आज्ञा मान्नुभन्दा परमेष्वरको आज्ञा मान्नु उचित हो” भनी पत्रुस अनि अरू प्रेरितहरूले भने। बड़ा हाकिमहरू रीसले चूर भएर प्रेरितहरूलाई मार्न चाहे।

यसको सट्टामा तिनले कुटेर तिनीहरूलाई छोड़िदिए।



तिनीहरूको कश्टको सट्टा तिनीहरूले परमेष्वरको आज्ञा मानेर येषूको विशयमा प्रचार गर्न लागे।



एकदिन स्तिफनस भन्ने व्यक्तिलाई पकड़े। स्तिफनसले प्रभु येषूलाई माया गर्थे। पवित्र आत्माले तिनलाई अरूहरूलाई येषूको विशयमा भन्न लाउनुभयो। केही मानिसहरूले झूट बोले कि स्तिफनसले येषूको विरूद्ध बोलिरहेको छ। येषूलाई विष्वास गरेको कारणले तिनलाई खिसी गरेर ढुंगाले हानेर मारे।



मर्न अघि पवित्र आत्माले भरिएर स्तिफनसले एकटक स्वर्गतिर हेरिरहे अनि परमेष्वरको महिमा र परमेष्वरको दाहिने हातपट्टि बसिरहनुभएको देखे।



मानिसहरूले स्तिफनसलाई ढुंगाले हाने अनि स्तिफनसले परमेष्वरलाई भने, “प्रभु येषू, मेरो आत्मा लिनुहोस्।” त्यसपछि येषूले क्रूसमा भनेझैं त्यस साहसी मानिसले पनि परमेष्वरसंग यिनीहरूलाई क्षमा गरिदिनुहोस् भनी प्रार्थना गरे।



स्तिफनसको मृत्यु सतावटको नयाँ प्रभाव षुरू भइरहेको थियो। षावल भन्ने मानिस जसले स्तिफनसको मृत्युमा सहयोग गरे अनि धेरै खीश्टियनहरूलाई पक्राइदिए। धेरैजना आफ्नो घर छोड़ेर यहूदा अनि सामरियामा छरिए। खाली प्रेरितहरूमात्र यरूषलेममा बसे।



यद्यपि तिनीहरूको षत्रुहरूले मार्न चाहे अनि ती छरिएर गएका मानिसहरूले येषूको विशयमा सुसमाचार प्रचार गरे। कसैले पनि येषूलाई पछ्याउनेहरूलाई रोक्न सकेनन् कारण परमेष्वर पवित्र आत्मा तिनीहरूसंग
बास गर्थे अनि तिनीहरूद्वारा
काम गर्थे।



# एक मण्डलीले समस्या भेटेका

## परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

## प्रेरित 5-7

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।”
भजनसंग्रह ११९:१३०

# समाप्त

बाइबलको यो कथाले हाम्रा अद्‌भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो । तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ । तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन ।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६